अर्थ मन्त्रालय

आन्तरिक राजस्व विभाग

## करदाता सेवा कार्यालय

श्रीनगर, सल्यान

# कर शिक्षा पुस्तिका, २०७९

करसम्बन्धी सचेतना अभिवृद्धि गरी कर कानुनको परिपालनाको अवस्था सुधार गर्ने, आर्थिक ऐन, २०७९ ले उपलब्ध गराएका छुट सुविधाबारे करदातालाई जानकारी गराई बढीभन्दा बढी करदाता उक्त सुविधाबाट लाभान्वित हुने अवस्था सिर्जना गर्ने र कर कानुनसम्बन्धी सामान्य जानकारीको अभावमा कुनै पनि करदाता थप कर, शुल्क, ब्याज र जरिवानामा पर्नु नपरोस् भन्ने अभिप्रायले यो **"कर शिक्षा पुस्तिका"** प्रकाशन गरिएको छ।

यस पुस्तिकाका विभिन्न खण्डमा कर कानुनसम्बन्धी आधारभूत जानकारी, आय विवरणका प्रकार र दाखिला गर्नुपर्ने आयकरसम्बन्धी जानकारी, भुक्तानीमा करकट्टी र करका दरसम्बन्धी जानकारी र आर्थिक ऐन, २०७९ ले उपलब्ध गराएका छुट, सुविधा र सहुलियतसम्बन्धी जानकारी समावेश गरिएको छ।

यस पुस्तिकाको अध्ययनबाट आफू लाभान्वित भई अन्य करदाताहरूलाई समेत सोसम्बन्धी जानकारी दिई स्वेच्छिक कर सहभागिता अभिवृद्धि गर्ने कार्यमा सहयोग गरिदिनुहुन अनुरोध छ।

### आय र आयकर:

आय भन्नाले कुनैपनि व्यक्तिले एक आय वर्षमा रोजगारी, व्यवसाय, लगानी वा आकस्मिक लाभबाट प्राप्त गरेको आय तथा आम्दानी सम्झनु पर्दछ र सो आय आर्जन गराबापत ऐनबमोजिम दाखिला गर्नुपर्ने करलाई आयकर भनिन्छ।
*द्रष्टव्य : आय वर्ष भन्नाले कुनै वर्षको श्रावण एक गतेदेखि अर्को वर्षको आषाढ मसान्तसम्मको अवधि सम्झनु पर्दछ।*

### आयका शीर्षक:

- व्यवसायको आय
- रोजगारीको आय
- लगानीको आय
- आकस्मिक लाभ आय

### व्यवसायका लागि स्थायी लेखा नम्बर अनिवार्य (आयकर ऐन, २०५८)

- कुनै पनि व्यक्ति वा निकायलेकारोबार गर्नुभन्दा पहिले स्थायी लेखा नम्बर लिनुपर्ने। (दफा ७८(४))
- स्थायी लेखा नम्बर नलिएकै कारणबाट कुनै व्यक्तिले करको दायित्वबाट उन्मुक्ति नपाउने। (दफा ७८(५))
- यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमको कुनै व्यवस्थाको पालना नगर्ने व्यक्तिलाई ५ हजार रुपियाँदेखि २५ हजार रुपियाँसम्म शुल्क लाग्ने।(दफा ११९क)

### स्थायी लेखा नम्बर (Permanent Account Number - PAN)

- स्थायी लेखा नम्बर व्यक्ति वा निकायको दर्ता गर्ने प्रयोजनका लागि जारी गरिने ९ अङ्कको अद्वितीय(UNIQUE)नम्बर हो। एक प्राकृतिक व्यक्तिले जतिसुकै रोजगारी, व्यवसाय वा लगानी गरेतापनि स्थायी लेखा नम्बर एउटै हुन्छ।(ONE PERSON, ONE PAN) तर निकायकाहकमा छुट्टै स्थायी लेखा नम्बर लिनुपर्ने।
- **व्यावसायिक स्थायी लेखा नम्बर लिनका लागि व्यक्ति स्वयम् कार्यालयमा उपस्थित हुनुपर्ने र बायोमेट्रिक गरेपछि मात्र स्थायी लेखा नम्बर प्राप्त हुने।**

करदाता सेवा कार्यालय, श्रीनगर, सल्यान

## स्थायी लेखा नम्बर लिनका लागि पेस गर्नुपर्ने कागजातहरूको विवरण

### व्यक्तिगत स्थायी लेखा नम्बर (P-PAN)का लागिः-

- हालसालै खिचिएको पासपोर्ट साइजको फोटो १ प्रति।
- नागरिकताको प्रतिलिपि।
- गैरनेपाली नागरिकका लागि आधिकारिक प्रमाण र परिचयपत्रको प्रतिलिपि।
- रोजगारीदाताले रोजगारी प्रमाणित गरेको पत्र।
- आन्तरिक राजस्व विभागको वेबसाइट www.ird.gov.npमा लगअन गरी करदाता पोर्टलमार्फत करदाता आफैंले अनलाइनमार्फत पेस गरेको आवेदन।

### व्यक्तिगतफर्मका लागि (प्रोप्राइटरसिप)

- व्यवसाय दर्ताको प्रमाणपत्रको प्रतिलिपि
- नागरिकता प्रमाणपत्रको प्रतिलिपि
- हालसालै खिचिएको पासपोर्ट साइजको फोटो २ प्रति
- आफ्नै घरमा कारोबार गर्ने भएमा जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि
- बहाल/भाडामा भए घर/जग्गा भाडाको सम्झौतापत्रको प्रतिलिपि
- गैरनेपाली नागरिकका लागि आधिकारिक प्रमाण र परिचयपत्रको प्रतिलिपि
- मुख्य चोकबाट कारोबारस्थलसम्मको नक्सा
- यस अघि P-PAN लिईसकेको वा यस अघि व्यावसायिक स्थायी लेखा नम्बर लिई स्थगन गरेको भएमा सो कार्ड पेस गर्ने वा निवेदनमा स्थायी लेखा नम्बर उल्लेख गर्नुपर्ने।
- व्यावसायिक स्थायी लेखा नम्बर लिइसकेको प्राकृतिक व्यक्तिले नयाँ फर्म दर्ता गरेको भए नयाँ स्थायी लेखा नम्बरका लागि आवेदन नदिई साविककै स्थायी लेखा नम्बरमा अतिरिक्त कारोबार थप गर्न निवेदन दिनुपर्ने।

### निकाय (प्रा.लि., सहकारी, संस्था, समूह, साझेदारी फर्म) का लागिः-

- प्रबन्ध पत्र/नियमावली/साझेदारी सम्झौतापत्र/विधान/विनियमको प्रतिलिपि (दर्ता गर्ने निकायले प्रमाणित गरेको हुनुपर्ने)।
- सञ्चालक वा साझेदारहरू वा संस्थाको कार्यसमितिका पदाधिकारीहरूको नागरिकताको प्रतिलिपि।
- पदाधिकारीहरूको बैठक बसी स्थायी लेखा नम्बर लिन र बायोमेट्रिक दर्ता प्रणालीका लागि फोटो र हस्ताक्षर दिन अख्तियारी तोकिएको निर्णय/माइन्युट गरी उक्त माइन्युटको प्रतिलिपि।
- जसलाई अख्तियारी तोकिएको छ, सोही पदाधिकारी २ प्रति पासपोर्ट साइजको फोटोसहित कार्यालयमा उपस्थित हुनुपर्ने।
- निकाय/संस्थाको छाप।
- निकायको आफ्नै घर भएमा जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि।
- बहाल/भाडामा भए घर/जग्गा बहाल सम्झौतापत्रको प्रतिलिपि।
- मुख्य चोकबाट कारोबारस्थलसम्मको नक्सा।
- स्थायी लेखा नम्बर लिनका लागि अख्तियारी तोकिएको व्यक्तिले व्यक्तिगत वा व्यावसायिक स्थायी लेखा नम्बर लिएको भए सो को प्रतिलिपि/नलिएको भए नागरिकता र पासपोर्ट साइजको फोटोसहित उपस्थित भई निजले समेत व्यक्तिगत स्थायी लेखा नम्बर लिनुपर्ने।

### संयुक्त उपक्रम (Joint Venture) का लागिः-

- फर्महरूबीचको सम्झौता पत्र
- सबै फर्महरूको कर चुक्ताको प्रमाणपत्र
- कार्य प्रदान गर्ने निकायसँगको सम्झौतापत्र वा आशयपत्र
- साझेदारहरूको नागरिकता प्रमाणपत्रको प्रतिलिपि
- ठेक्का इजाजतपत्र (नवीकरण भएको) को प्रतिलिपि र छाप।
- घर बहाल सम्झौता पत्र।

**Withholder PAN (W-PAN)लिनका लागिः-**

- अग्रिम करकट्टी गर्ने निकायले तोकिएको ढाँचामा आधिकारिकलेटरप्याडमा निवेदन पेस गर्नुपर्ने (अनलाइनमार्फत पेस गर्न सकिने)
- कार्यालयको छापसहित तोकिएको प्रतिनिधि उपस्थित हुनुपर्ने।

**आयविवरण पेस गर्ने अनुसूचीहरूः** **डे**-०१, डे-०२, डे-०३ र डे-०४

## डे-०१ विवरण(आयकर ऐन, २०५८ को दफा ४ (४))

- ✓ कुनै आय वर्षमा कुनै व्यक्तिको नेपालमा स्रोत भएको व्यवसायबाट मात्र आय भएको।
- ✓ औषधि उपचारबापत तथा अग्रिम कर कट्टीबापत कर मिलान गर्न दाबी नगरेको।
- ✓ आर्थिक ऐन, २०७८ ले आ.व.२०७८।०७९ को आयविरण पेस गर्दा व्यवसायबाट प्राप्त आय रु.३ लाख रुपियाँ रव्यावसायिक कारोबार रु. ३० लाख रुपियाँभन्दा बढी नभएको भनी कारोबारको सीमा थप गरेको।
- ✓ आ.व.२०७९।०८० मा पनि सोही लागु हुने।

## डे-०१ विवरण भर्ने करदाताले दाखिला गर्नुपर्ने कर रकम

- ✓ महानगरपालिका वा उपमहानगरपालिका क्षेत्रमा व्यवसाय गर्ने प्राकृतिक व्यक्तिको हकमाः **रु.७,५००/-**
- ✓ नगरपालिका क्षेत्रमा व्यवसायगर्ने प्राकृतिक व्यक्तिको हकमाः **रु.४,०००/-**
- ✓ माथि क र ख बाहेक अन्य कुनै स्थानमा व्यवसाय गर्ने प्राकृतिक व्यक्तिको हकमाः **रु.२,५००/-**

## डे-०२ विवरण (दफा ४ (४क))

- ✓ सम्बन्धित आय वर्षमा व्यक्तिको नेपालमा स्रोत भएको व्यवसायबाट प्राप्त आय मात्र भएको
- ✓ दफा ५१ बमोजिम औषधि उपचार खर्चबापत कर मिलान गर्न दाबी नगरेको
- ✓ दफा ९३ बमोजिम अग्रिम कर कट्टी दाबी नगरेको
- ✓ व्यवसायको कारोबार वार्षिक ३० लाख रुपियाँभन्दा बढी र एक करोडरुपियाँभन्दा घटी भएको।
- ✓ डाक्टर, इञ्जिनियर, लेखा परीक्षक, कानुन व्यवसायी, खेलाडी, कलाकार, परामर्शदातालगायतका प्राकृतिक व्यक्तिले प्रदान गर्ने परामर्श तथा विशेषज्ञ सेवाबापतको आय नभएको।
- ✓ कारोबारमा आधारित कर दाखिला गर्ने करदाताले प्रत्येक आर्थिक वर्षका लागि पौष २० सम्मको कारोबारमा र असार २० सम्मको कारोबारको आधारमा २ किस्ता गरी कर दाखिला गर्नुपर्दछ र सो बमोजिमको किस्ताको विवरण पौष मसान्तभित्र पेस गर्नुपर्ने।
- ✓ किस्ताको विवरण दाखिल नगरेमा रु.५,०००/- जरिवाना लाग्ने।

## डे-०३ विवरणः

- कम्पनी ऐनअन्तर्गत दर्ता भएका कम्पनी, साझेदारी फर्म र अन्य निकायले आयविवरण पेस गर्दा विभागले तोकेको मापदण्ड पूरा गरी आय विवरण पेस गर्ने।
- अग्रिम कर कट्टीबापत कर मिलान गर्न दाबी गरेको।
- व्यवसाय, रोजगारी र लगानीबाट प्राप्त वार्षिक आय ३ लाख रुपियाँ र व्यवसायको कारोबार रु. ३० लाख रुपियाँ भन्दा बढी भएको फर्म आदिले।
- डे-३ विवरण भर्ने व्यवस्था छनौट गरेको फर्म।
- प्राकृतिक व्यक्तिको हकमाः
- नोटः वार्षिक कारोबार रु.१ कारोडसम्म गर्ने करदाताले लेखा परीक्षकलाई प्रमाणित गराएको वित्तीय विवरण पेस गर्नुनपर्ने उक्त कारोबार सीमासम्मको कारोबारमा स्वयम् करदाताले प्रमाणित गराई वित्तीय विवरण पेस गर्न सक्ने।
- कुनैव्यवसायवा लगानीबाट कुनै आय वर्षमा निर्धारणयोग्य आय भएको वा हुन सक्ने व्याक्तिले देहायबमोजिम तीन किस्तामा कर दाखिला गर्नुपर्नेछः
    - पौष मसान्तसम्मः अनुमानित करको ४० प्रतिशत रकममध्ये तिर्न बाँकी कर रकम
    - चैत्र मसान्तसम्मः अनुमानित करको ७०प्रतिशत रकममध्ये तिर्न बाँकी कर रकम

कर्णाली सेवा कार्यालय, श्रीनगर, सल्यान

- असारमसान्तसम्मः अनुमानित करको १०० प्रतिशत रकममध्ये तिर्न बाँकी कर रकम

## डे-०३ विवरण पेस गर्ने करदाताले दाखिला गनुपर्ने करको दर

### सामान्य व्यवसायका लागि

- व्यक्तिगत फर्म भएएक्लो प्राकृतिक व्यक्तिका लागि करयोग्य आयको पहिलो रु. ४ लाखसम्म छुट र दम्पत्तिका लागि करयोग्य आयको पहिलो रु. ४ लाख ५० हजारसम्म छुट (आर्थिक विधेयक, २०७९ ले आ.व. २०७९/८० का लागि एकल र दम्पतिका लागि क्रमशः **५ लाख र ६ लाख बनाएको**)
- थप १ लाख सम्मको १० प्रतिशतको दरले **(आर्थिक विधेयक, २०७९ अनुसार थप २ लाखसम्म)**
- थप २ लाख सम्मको करयोग्य आयमा २० प्रतिशत
- २० लाख सम्मको करयोग्य आयमा ३० प्रतिशत
- करयोग्य आय २० लाख भन्दा बढी भएमा बढी भएको करयोग्य आयमा ३६ प्रतिशत। (३० प्रतिशतमा थप २० प्रतिशत कर थप गर्दा।)

## डे-०४ आय विवरण

- कुनै आय वर्षमा ४० लाख रुपियाँभन्दा बढी आय भएको प्राकृतिक व्यक्तिले यो आय विवरण दाखिला गर्नुपर्दछ।
- यो आय विवरण दाखिला गर्ने व्यक्तिले देहाय बमोजिमको रकम समावेश गरी विवरण पेस गर्नुपर्ने
  - रोजगारीबाट प्राप्त आय।
  - आकस्मिक लाभबापतको आय भएमा।
  - कर छुट भएका आयहरू।
  - कृषि आय वापतको रकमहरू।
  - नियन्त्रित विदेशी निकायबाट प्राप्त कर छुट हुने लाभांश रकम।
  - अन्तिम रूपमा कर कट्टी भई प्राप्त भएका आय रकमहरू।
  - भाडाका सवारी भनी प्राकृतिक व्यक्तिले सवारी साधनबाट प्राप्त रकम।

## शुल्क र ब्याजसम्बन्धी व्यवस्था

### शुल्क

- आयविवरण आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र र थप म्यादभित्र दर्ता नगरेमा जम्मा समावेश गर्नुपर्ने आय समावेश गरी खर्च कट्टी गर्न पाउने खर्च रकम खर्च कट्टी नगरी हुने हने आयको वार्षिक ०.१% को महिनाको भागले हुने रकम र प्रत्येक महिनाको रु.१०० मा जुन बढी हुन जान्छ सो रकम ढिला विवरणबापत प्रत्येक महिना शुल्क दाखिला गर्नु पर्दछ। (तर पूर्वानुमानित करदाता (डे-०१ विवरण पेस गर्ने)ले प्रत्येक ढिला महिनाको रु. १०० विलम्ब शुल्क दाखिला गर्नुपर्ने।)
- अनुमानित आय विवरण दाखिला नगरेमा ५ हजार वा निर्धारण योग्य आयको ०.०१ प्रतिशतले हुन आउने रकममध्ये जुन बढी हुन्छ उक्त रकम।

### ब्याज

- आय विवरणबमोजिमको कर दाखिला नगरेमा वार्षिक १५% का दरले ब्याज लाग्ने।

## आयकरतर्फ राख्नुपर्ने थप कागजातहरूको विवरण (दफा ८१)

- ✓ पेस गरेको आय विवरण र अन्य कुनै कागजातलाई पुस्ट्याइँ गर्ने आवश्यक सूचना तथा कागजातहरू
- ✓ निजले बुझाउनु पर्ने कर निर्धारण गर्न सघाउ पुऱ्याउने कागजातहरू
- ✓ खर्च कट्टीलाई पुस्ट्याइँ गर्ने कागजातहरू
- ✓ विभागबाट तोकिएको प्रकार,ढाँचा,लेखापरीक्षणको प्रमाणीकरण वा अन्य प्रकारले गर्नुपर्ने प्रमाणीकरण तथा प्रमाणित कागजातहरू
- ✓ कम्प्युटर प्रणालीबाट समेत सुरक्षित राख्न सकिने

कञ्चना सेवा कार्यालय, श्रीनगर, सल्यान

✓ आ.व. समाप्त भएको ५ वर्ष सम्म सुरक्षित राख्नुपर्ने।

## मूल्य अभिवृद्धि कर सम्बन्धी सामान्य जानकारी

### परिचय

मूल्य अभिवृद्धि कर वस्तु वा सेवाको उपभोगमा लाग्ने अप्रत्यक्ष कर हो। वस्तु तथा सेवाको उत्पादन, पैठारी तथा वितरणका विभिन्न तह र चरणहरूमा हुने मूल्य अभिवृद्धिको अंशमा लाग्ने कर भएकाले यसलाई मूल्य अभिवृद्धि कर भनिएको हो। दर्ता भएको व्यक्तिले कच्चा पदार्थ माध्यमिक पदार्थ, तयारी पदार्थ तथा पुँजीगत सामग्रीहरूको स्थानीय खरिद वा विदेशबाट पैठारी गर्दा ती वस्तु तथा सेवाको मूल्य, ढुवानी भाडा,भण्डारण खर्च, ज्याला शुल्क, दस्तुर, नाफाजस्ता विभिन्न किसिमका सञ्चालन लागत र मुनाफाका माध्यमबाट मूल्य अभिवृद्धि गरिरहेको हुन्छ।

## मू.अ. कर ऐन २०५२ तथा नियमावली २०५३ मा व्यवस्था

### दर्ताः

- मू.अ. कर लाग्ने कारोबार गर्ने उद्योगी, व्यापारी तथा व्यवसयीले मू.अ.करमा दर्ता भएपछि मात्र कारोबार गर्नुपर्ने।

### स्वेच्छिक दर्ताः

- करयोग्य कारोबार गर्ने व्यक्ति, फर्म,निकाय तथा अन्य निकाय म.अ.कर मा स्वेच्छिक दर्ताकालागिदरखास्त दिन सक्ने छ।

### थ्रेसहोल्ड

- सेवा व्यवसायको मात्र कारोबार गर्ने करयोग्य वार्षिक आय रु.२० लाखसम्म
- वस्तु तथा सेवाको मिश्रित कारोबार गर्ने करदाताले वार्षिक रु. २० लाखको कारोबार
- वस्तुको मात्र वार्षिक रु.५० लाखभन्दा बढीको कारोबार

### अस्थायी दर्ताः

- औद्योगिक,व्यावसायिक, शैक्षिक प्रवर्द्धन र विकासका लागि आयोजना गरिने प्रदर्शनी, मेला आदिका अवसरमाछोटो अवधिका लागिकरयोग्य वस्तु वा सेवाको कारोबार गर्ने तर दर्ता नभएकाव्यवसायीहरूले अल्पकालीन अविधिका लागिमू.अ. करमा दर्ता गर्नुपर्ने।
- यसरी अस्थायी दर्ता गर्दा सो प्रदर्शनी वा मेलामा हुने कारोबारको अनुमान गरी मनासिब माफिकको रकम धरौटीका रूपमा राखी अस्थाई दर्ता गराई कारोबार गर्नुपर्नेछ।
- यसरी कार्यक्रमका लागि मात्र दर्ता भएको करदाताले आयोजना गरेको प्रदर्शनी, मेला समाप्त भएको ७ दिनभित्र कारोबारको विवरण पेस गरी लाग्ने सम्पूर्ण करसमेत दाखिला गरी अस्थायी दर्ता खारेजी गर्नुपर्ने।

### मूल्य अभिवृद्धि कर दरः

- सामान्यतया मूल्य अभिवृद्धि करको एकल दर १३% को रहेको छ।
- कर छुट र शून्य दरसमेतको व्यवस्था रहेको।

### मूल्य अभिवृद्धि कर दाखिला तथा विवरण दर्ता अवधिः

- मूल्य अभिवृद्धि कर तथा विवरण दर्ता अवधि ३ वटा रहेका छन्।जसमाः१) मासिक २)द्वैमासिक ३) चौमासिक
  *नोटः हाल सबैलाई मासिक विवरण दर्ता गर्नुपर्ने व्यवस्था कार्यान्वयनमा रहेको।*
- मूल्य अभिवृद्धि कर तथा विवरण मासिक,द्वैमासिक र चौमासिक अवधि समाप्त भएको २५ दिनभित्र कार्यालयमा दाखिला तथा दर्ता गरिसक्नु पर्दछ।

### मूल्य अभिवृद्धि कर तथा विवरण समयमा दाखिला तथा दर्ता नगरेमा

- मूल्य अभिवृद्धि कर तथा विवरण मासिक, द्वैमासिक र चौमासिक अवधि समाप्त भएको २५ दिनभित्र कार्यालयमा दाखिला तथा दर्ता नगरेमा शुल्क, ब्याजतथा थप दस्तुर लाग्दछ।

## शुल्क, ब्याज तथा थप दस्तुर

### शुल्कः

- तोकिएको म्याद भित्र कर विवरण पेस नगरेमा लाग्ने कर रकमको प्रतिदिन ०.०५ प्रतिशत वा प्रति कर अवधि रु.१०००। मध्ये जुन बढी हुन्छ सो रकम।

कर्णाली सेवा कार्यालय, श्रीनगर, सल्यान

**ब्याज:**

- तोकिएको म्यादभित्र दखिला गर्नुपर्ने कर रकम सम्बन्धित कार्यालयमा दाखिला नगरेमा वार्षिक १५% क दरले ब्याज

**थप दस्तुर:**

- तोकिएको म्याद भित्र दाखिला गर्नुपर्ने कर रकम सम्बन्धित कार्यालयमा दाखिला नगरेमा वार्षिक १०% का दरले थप दस्तुर

**दर्ता खारेजी:**

- ✓ सङ्गठित संस्था भए त्यस्तो संस्था बन्द, बिक्री वा हस्तान्तरण भएमा वा अन्य कुनै किसिमबाट त्यस्तो सङ्गठित संस्थाको अस्तित्व कायम नरहेमा।
- ✓ व्यक्तिगत स्वामित्व भए त्यस्तो स्वामित्व भएको व्यक्तिको मृत्यु भएमा।
- ✓ साझेदार संस्था भए त्यस्तो साझेदारी संस्था विघटन भएमा वा साझेदारको मृत्यु भएमा
- ✓ दर्ता भएको व्यक्तिले कर लाग्ने कारोबार गर्न छाडेमा
- ✓ लगातार एक वर्षसम्म शून्य विवरण दिने वा विवरण नै नदिई बसेका करदाता भएमा,
- ✓ भुलवश दर्ता भएमा।
- ✓ विगत १२ महिनाको कारोबार वस्तुका हकमा ५० लाख र सेवाका हकमा २० लाख र वस्तु तथा सेवाको मिश्रित कारोबार २० लाख नपुग्ने करदाता भएमा।

**करछुट वस्तु तथा सेवाहरू (मू.अ.कर ऐनको अनुसूची १)**

- ✓ आधारभूत कृषि उत्पादनहरू (तरकारी, फलफूल, खाद्यान्न आदि)
- ✓ आधारभूत आवश्यकताका वस्तुहरू(धारा/ट्याङ्करको खुला रूपमा आपूर्ति हुने पिउने पानी, दाउरा, मट्टितेल र नून)
- ✓ जीवजन्तु तथा सोका उपजहरू
- ✓ कृषि सामग्रीहरू
- ✓ औषधि उपचार तथा यस्तै स्वास्थ्य सेवाहरू
- ✓ शिक्षा
- ✓ किताब, अखबार र मुद्रित सामग्री
- ✓ कलात्मक र कालगढी सेवा
- ✓ यात्रुवाहक यातायात तथा ढुवानी सेवा:- सार्वजनिक यात्रुबाहक यातायात (केबुलकार बाहेक), हवाइ यातायात र निर्यात प्रयोजनको कार्गो सेवा
- ✓ व्यावसायिक वा पेसागत सेवा (कलाकार, खेलाडी, लेखक आदीले प्रदान गर्ने सेवा)
- ✓ अन्य वस्तु तथा सेवा (बैङ्क नोटहरू, नफड्केको वा नकोरेको ऊन, धागो, सुतीको कपडा, मोती, लालमणि, निलमणि, पन्ना, सुन, चाँदी आदि)
- ✓ भवन र जग्गा (घरजग्गाको खरिद, बिक्री र बहाल)
- ✓ बाजी, क्यासिनो र चिट्ठा
- ✓ विभिन्न १३ समूहमा वर्गीकृत।

**मू.अ.कर प्रयोजनका लागि राख्नुपर्ने अभिलेख र कागजातहरूको विवरण**

- ✓ मू.अ.कर नियमावलीको अनुसूची ७ बमोजिमका खरिद, बिक्री, आयात र निर्यातसम्बन्धी सूचनाहरू
- ✓ व्यापार, लेखा, नगद प्राप्ति र भुक्तानी सम्बन्धी अभिलेख
- ✓ आफूले जारी गरेका करबीजक तथा संक्षिप्त कर बीजकहरू
- ✓ आफूले प्राप्त गरेका कर बीजक तथा सङ्क्षिप्त कर बीजकहरू
- ✓ आफूले गरेको आयात र निर्यातसँग सम्बन्धित कागजातहरू
- ✓ डेबिट नोट तथा क्रेडिट नोटसम्बन्धी विवरणहरू
- ✓ खरिद तथा बिक्री खाता
- ✓ मौज्दात पुस्तिका
- ✓ स्वीकृति लिई कम्प्युटर प्रणालीबाट समेत अभिलेख राख्न सक्ने
- ✓ कारोबारलाई प्रमाणित गर्ने कागजात ६ **वर्षसम्म सुरक्षित राख्नुपर्ने**
- ✓ यस सम्बन्धमा ऐनको दफा १६ र नियमावलीको नियम २३ मा उल्लेख गरिएको छ।

**अन्त:शुल्क**

- वस्तु तथा सेवाको आन्तरिक उत्पादन र पैठारीमा लाग्ने अप्रत्यक्ष कर
- सामान्यतया मानव स्वास्थ्य एवम् वातारणीय स्वास्थ्यमा प्रतिकूल असर पार्ने वस्तु तथा विलासिताका वस्तुमा लगाइने



करदाता सेवा कार्यालय, श्रीनगर, सल्यान

- पछिल्लो समय विश्व व्यापार सङ्गठन र अन्य क्षेत्रीय व्यापार सङ्गठनहरूमा आबद्धताले गर्दा भन्सार दरमा आएको परिवर्तनले न्यून भएको राजस्व परिपूर्ति गर्न अन्य वस्तु वा सेवामा समेत लगाउने गरिएको।

## अन्तःशुल्कमा दर्ता

- ✓ अन्तःशुल्क ऐन, २०५८ को अनुसूचीमा अन्तःशुल्क दरबन्दी राखिएको छ।
- ✓ उक्त अनुसूचीमा उल्लिखित वस्तु प्रतिष्ठानबाट उत्पादन गरी निष्काशन, पैठारी र बिक्री गर्दा अनुसूचीमा उल्लिखित दरमा अन्तःशुल्क लाग्दछ।
- ✓ मदिरा, सुर्तीजन्य पदार्थ र केही अन्य वस्तुमा परिमाणात्मक दर (Specific Rate) र अन्य वस्तुहरूमा मोल प्रतिशत (Ad Valorem) का अधारमा अन्तःशुल्क लाग्दछ।
- ✓ मदिरा, वियर, साइडर,खुदो, स्प्रिट, मोलासिस, सुर्ती, चुरोट, गुड, खुदो र अन्य औद्योगिक उत्पादनहरूमा अन्तःशुल्क लाग्दछ।
- ✓ अन्तःशुल्क लाग्ने वस्तुको उत्पादक र तोकिएका वस्तुको विक्रेता निकासी पैठारी वा संचयकर्ताले अन्तःशुल्कमा दर्ता भई अन्तःशुल्क इजाजत पत्र लिनुपर्दछ।
- ✓ इजाजत पत्र नलिई अन्तःशुल्क लाग्ने वस्तुको उत्पादन पैठारी बिक्री वा सञ्चय गर्न नहुने (दफा ९(१))
- ✓ इजाजत पत्रको अवधि १ आ.व. सम्म कायम रहने।
- ✓ प्रत्येक आ.व.का लागि तोकिएको दस्तुर दाखिला गरी श्रावण महिनाभित्र नवीकरण गराउनुपर्ने।
- ✓ इजाजत पत्रवालाले चाहेमा **३ आ.व. का लागि एकै पटक** नवीकरण दस्तुर दाखिला गरीनवीकरण गराउन सकिने।
- ✓ श्रावणभित्र नवीकरण नगराएमा त्यस्तो अवधि नाघेको पहिलो ३ महिनासम्ममा २५ प्रतिशत, त्यसपछिको ३ महिनासम्म ५०, त्यसपछिको ३ महिनासम्म ७५ र तत्पश्चात्को अवधिका लागि शतप्रतिशत जरिवाना लाग्ने। (दफा ९(६))
- ✓ इजाजत पत्र नलिई कारोबार गरेमा इजाजत पत्रबापत र त्यसको नवीकरणबापत लाग्ने दस्तुरबाट उन्मुक्ति नपाउने। (दफा ९(७))

## अन्तशुल्क लाग्ने अन्य औद्योगिक उत्पादनहरू

- ❖ आलु चिप्स, बदाम, फलफूलको रस
- ❖ कुरकुरे, कुरमुरे, चिजबल्स, लेज र त्यस्तै उत्पादन
- ❖ दालमोठ, पापड, नम्किन, भुजिया, चाउचाउ, जङ्क फुड्स र चमेना
- ❖ कोको नभएको वा भएको चिनीको मिठाई, चकलेट
- ❖ पेन्टस्, रङरेगन, इनामेल
- ❖ सुगन्धित तथा शरीर सफाइसम्बन्धी पानी
- ❖ मेक अपका सामानहरू
- ❖ स्याम्पु, साबुन, सरफ, मेहन्दी
- ❖ दन्त मन्जन, दाह्री बनाउने, गन्ध हटाउने, नुहाउने सामानहरू
- ❖ खेल्ने तासहरू
- ❖ पोलिमर, प्लास्टिकका विभिन्न उत्पादनहरू (बाथरुम फिटिङ्सका सामान, किचन वेयरका सामान आदि)
- ❖ भिडियो गेमका सामानहरू, खेलौनाहरू
- ❖ सवारी साधन र पार्टपुर्जाहरू
- ❖ सिसा, सिमेन्ट, फलाम,डन्डी, मार्वल,टायल्स र फलाम इस्पातका संरचना
- ❖ रेफ्रिजेरेटर,भ्याकुम क्लिनर्स
- ❖ इन्भर्टर, सोलारका ब्याट्री
- ❖ विद्युतीय उपकरणहरू र पार्टपुर्जा,
- ❖ सूचना सङ्ग्रह गर्ने उपकरणहरू
- ❖ सूक्ष्म दर्शक यन्त्र, क्यामेरा, दूरविन र पार्टपुर्जाहरू
- ❖ नाप्ने तौलने उपकरण र पार्टपुर्जाहरू आदि।

## इजाजत पत्रका किसिम

- ❖ उत्पादन गर्ने इजाजत पत्र
- ❖ निकासी गर्ने इजाजत पत्र
- ❖ पैठारी गर्ने इजाजत पत्र
- ❖ सञ्चय गर्ने इजाजत पत्र
- ❖ खरिदबिक्री गर्ने इजाजत पत्र
- ❖ सेवा बिक्री गर्ने इजाजत पत्र

## उत्पादन तहको इजाजत पत्र क-कसले लिने ?

करदाता सेवा कार्यालय, श्रीनगर, सल्यान

- भौतिक नियन्त्रण प्रणालीअन्तर्गतको मदिरा, वाइन, बियर, साइडर, ब्रान्डी, स्प्रीट, खुदो र मोलासिस उत्पादक
- स्वयम् निष्कासन प्रणालीअन्तर्गतका सुर्तीजन्य पदार्थ (चुरोट, गुड्खा, सुर्ती, पानमसला, स्वीट सुपारी) उत्पादक
- गुड उत्पादक
- अन्तःशुल्क दरबन्दीमा उल्लिखित अन्य औद्योगिक उत्पादनलगायत सम्पूर्ण वस्तुहरूको उत्पादकले
- इजाजत पत्र श्रावण महिनामा नवीकरण गराउनु पर्ने (अन्य औधोगिक वस्तुको उत्पादकले नवीकरण गराउनु नपर्ने)

**बिक्री वितरण तहमा इजाजत पत्र क-कसले लिने ?**

- मदिराको वितरक, थोक विक्रेता र खुद्रा विक्रेता (विदेशी समेत वा स्वदेशी मात्र)।
- सुर्तीजन्य पदार्थ (चुरोट, गुड्खा, सुर्ती, पानमसला, स्वीट सुपारी) को थोक विक्रेता र खुद्रा विक्रेता।
- मदिराको विक्रेता होटेल तथा रेष्टुरेन्ट (तारे, पर्यटक स्तरीय, स्थानीय)
- स्प्रिट, खुदो र मोलासिसको विक्रेता
- अन्तःशुल्क लाग्ने सेवाको विक्रेता।
- डिपार्टमेन्टल स्टोर्स।
- हरेक तहको बिक्री वितरण (वितरक, थोक, खुद्रा) का लागि छुट्टाछुट्टै इजाजत पत्र लिनुपर्ने।
- शाखा कार्यालयका लागि समेत छुट्टै इजाजत पत्र लिनु पर्ने (शाखा कार्यालय रहेको स्थानको प्रशासन गर्ने आ.रा.का.बाट)
- स्वदेशी मदिराको मात्र बिक्री गर्ने इजाजत पत्र लिईविदेशी मदिरा बिक्री वितरण गर्न नपाइने।
- इजाजत पत्र लिएको करदाताले इजाजत पत्रमा उल्लिखित बाहेक अन्तःशुल्क लाग्ने अन्य वस्तु (तह) को कारोबार गर्न कारोबार थप गरेको प्रमाण पेस गरी पर्मिट एड(Permit Add)गर्नुपर्ने।

**आयात निर्यात तहमा**

- मदिरा र स्प्रिट आयात निर्यातकर्ता।
- चुरोट, सिगार र सूर्तिजन्य पदार्थको आयात निर्यातकर्ता।
- विदेशी खुदो र गुड पैठारीकर्ता।

**इजाजत पत्र लिन आवश्यक कागजात**

- स्थायी लेखा नम्बर प्रमाणपत्र लिएको (आयकरमा दर्ता भएको) हुनुपर्ने, सोको सक्कल पेस गर्नुपर्ने।
- अन्तःशुल्क लाग्ने वस्तु वा सेवाको कारोबार र कारोबारको प्रकृति उल्लिखित व्यवसाय दर्ता प्रमाणपत्र,हालसालै खिचेको पासपोर्ट साइजको फोटो २ प्रति।
- अन्तःशुल्क नियमावली, २०५९ को अनुसूची १ ले तोकेको ढाँचामा निवेदन।
- अन्तःशुल्क नियमावली, २०५९ को अनुसूची २ मा तोकिएको इजाजत दस्तुर दाखिला गर्नुपर्ने ।
- एकभन्दा बढी शाखा भएमा शाखा थप भएको प्रमाण पेस गरी हरेक शाखाका लागि अलग अलग इजाजत पत्र लिनुपर्ने।
- आयकरका हकमा जुनसुकै कार्यालयमा दर्ता भएको करदाताले पनि अन्तःशुल्कका हकमाकारोबार रहेको स्थान जुन आ.रा.का./क.से.का. अन्तर्गत पर्दछ, सोही आ.रा.का./क.से.का. बाट इजाजत पत्र लिनुपर्ने।
- प्रत्येक आ.व.का लागि इजाजत पत्र हरेक वर्ष श्रावण मसान्तभित्र नवीकरण गराइसक्नुपर्ने। अन्यथा २५ देखि शतप्रतिशत सम्म जरिवाना हुने।
- त्यसपछि पनि नवीकरण नभएमा प्रत्येक ३, ३ महिनाका लागि २५, ७५ र १०० प्रतिशत जरिवाना लाग्ने कानुनी व्यवस्था रहेको।

**दण्ड/सजाय/जरिवानासम्बन्धी व्यवस्था**

**मूल्य अभिवृद्धि कर ऐन, २०५२ मा भएका व्यवस्था**

| कसुरको विवरण | जरिवाना/सजाय |
| --- | --- |

करदाता सेवा कार्यालय, श्रीनगर, सल्यान

| | |
|---|---|
| दर्ता नभई कारोबार गरेमा वा दर्ता हुन कर अधिकृतले दिएको आदेश पालना नगरेमा | प्रत्येक पटक रु. २० हजार |
| करपाटी नराखेमा | रु. २ हजार |
| बीजक जारी नगरेमा | रु. १० हजार |
| बीजक नलिएमा | रु. १ हजार |
| दर्ता नभएको व्यक्तिले कर उठाएमा | १००% |
| कारोबारको लेखा नराखेमा | रु. १० हजार |
| कारोबार निरीक्षण गर्दा अवरोध गरेमा | रु. २० हजार |
| विद्युतीय बीजक (ई-बिलिङ) सम्बन्धमा विभागले जारी गरेको कार्यविधि पालना नगरेमा | रु. ५ लाख |
| कर विवरण पेस नगरेमा (महिना समाप्त भएको २५ गतेभित्र पेस गरिसक्नुपर्ने) | रु. १ हजार वा लाग्ने करको ०.०५% |
| झुट्टा लेखा राखेमा/फर्जी बीजक जारी गरेमा/अन्य झुट्टा कागजात तयार पारेमा | कर बिगोको १००% जरिवानावा ६ महिना कैद वा दुवै सजाय |

## आयकर ऐन, २०५८ मा भएका व्यवस्था

- ऐन वा ऐनअन्तर्गत बनेको नियमको कुनै व्यवस्थाको पालना नगर्ने व्यक्तिलाई रु. ५ हजारदेखि रु. २५ हजारसम्म जरिवाना लाग्ने (दफा ११९क.)
- झुट्टा वा भ्रमपूर्ण विवरण पेस गरेमा (जानी जानी गरेमा घटी कर रकमको ५०% र नियतवश गरेमा १००% जरिवाना शुल्क) (दफा १२०)
- मतियारलाई १००% जरिवाना शुल्क लाग्ने (दफा १२१)

## मदिरा ऐन, २०३१ र अन्तःशुल्क ऐन, २०५८ मा भएका व्यवस्था

इजाजतपत्र नलिई अन्तःशुल्क लाग्ने वस्तु वा सेवा बिक्री वा सञ्चय गरेमा रु. ५ हजारदेखि रु. १५ हजारसम्म जरिवाना लाग्ने।

## कुन व्यवसाय गर्नेले कस्तो करपाटी राख्ने?

| विवरण | करपाटीको प्रकार | कैफियत |
|---|---|---|
| *मू.अ.क. मा दर्ता भएका करदाताले* | ***हरियो पृष्ठभूमिमा सेता अक्षर*** | *लम्बाइ/चौडाइ : ३०*१० सेमि* |
| *मू.अ.क. लाग्ने वस्तुको कारोबार गर्ने तर मू.अ.क. थ्रेसहोल्डभन्दा तलको कारोबार गर्ने करदाताले* | ***पहेँलो पृष्ठभूमिमा काला अक्षर*** | *लम्बाइ/चौडाइ : ३०*१० सेमि* |

| | | |
|---|---|---|
| *मू.अ.क. नलाग्ने वस्तु (कर छुट) को मात्र कारोबार गर्ने करदाताले* | ***सेतो पृष्ठभूमिमा राता अक्षर*** | *लम्बाइ/चौडाइ : ३०*१० सेमि* |

## E-TDS विवरण प्रविष्ट गरी आफैंले रुजु गर्ने (Self-Verify) गर्ने प्रक्रिया

### (अ) E-TDS गर्ने प्रक्रियाः

प्रथमतः TDS गर्ने फर्म/संस्था/निकायले अनिवार्य रूपमा प्यान लिई सोही प्यान राखी बैङ्क भौचर भरेको हुनुपर्ने।

१) वेब ब्राउजर खोली ird.gov.np मा जाने → करदाता पोर्टलमा क्लिक गर्ने→ E-TDS को देब्रेपट्टिको + सङ्केतमा क्लिक गर्ने → E-TDS क्लिक गर्ने।

२) सब्मिसन नम्बर लिने फारम भर्ने Register मा क्लिक गर्ने।

३) ट्रान्जेक्सन भर्नेमा क्लिक गर्ने।

४) ट्रान्जेक्सन भर्ने फारममा भुक्तानी विवरण (पान नम्बर, भुक्तानी मिति भुक्तानी रकम, टिडिएस रकम टिडिएस किसिम) भर्ने,Add गर्ने, भुक्तानी पाउने प्रत्येक व्यक्तिको अलग अलग विवरण यसरी नै भर्दै Add गर्दै जाने, सबै विवरण भरेपछि save मा क्लिक गर्नेर।

भुक्तानी पाउनेको विवरण धेरै भएमा नमुना फाइल डाउनलोड (Download Sample) गरी नमुना अनुसार विवरण भरे पस्चात (Load Excel File ) मा गई सो फाइललाई अपलोड गरेर पनि विवरण भर्न सकिन्छ।

५) भौचर भर्ने फारममा गई राजस्व शीर्षक भौचर नम्बर तिरेको प्रकार, (बैङ्क) दाखिला मिति, बैङ्कको नाम, टिडियस रकम आदि विवरण भरी Add गर्ने। भौचर एकभन्दा बढी भएमा प्रत्येक भौचरको विवरण भरी यसरी नै Add गर्दै जाने। भौचर रिकनसाइल अनिवार्य भएकाले Reconciled भएको सुनिश्चित गर्ने। कहिलेकाहीं विविध कारणले प्रविष्ट गरिएको भौचर विवरण र सिस्टममा भएको विवरण मेल नखाई Not Reconciled देखिन सक्छ त्यस्तो भने निम्नानुसार भौचर सर्च गरी विवरणहरु सही भए नभएको सुनिश्चित गर्न सकिन्छ।

**ird.gov.np → करदाता पोर्टल General → Payment Voucher Search**

भौचर नं. थाहा नभएको अवस्थामाः-Deposit Slip No. voucher Date, Amount राखी Search गर्ने।

भौचर नं. थाहा नभएको अवस्थामाः-Deposit Slip No. voucher Date, Amount राखी Search गर्ने।

६) भौचर भर्ने फारम भरेपछि ट्रान्जेक्सन भर्ने फारममा गई Save and Submit गर्ने। सब्मिसन नम्बरलाई सुरक्षित राख्ने।

### आ) E-TDS आफैंले रुजु (Self-Verify) गर्ने प्रक्रिया :

E-TDSआफैंले प्रमाणित गर्न User Name र Password को जरुरत पर्दछ। पहिले बनाई सकेको छ भने त्यही प्रयोग गर्न सकिन्छ। छैन भने ird.gov.np→करदाता पोर्टल → General → Create Password बाट आफैं बनाउन सकिन्छ। W-Pan लिने सरकारी निकायहरूले सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट User Name र Password लिनुपर्दछ।

१) वेब ब्राउजर खोली **ird.gov.np** मा जाने **→करदाता पोर्टलमा** क्लिक गर्ने→ General को देब्रेपट्टिको+ सङ्केतमा क्लिक गर्ने →Taxpayer Log in मा क्लिक गर्ने →Pan No. , Use name (PAN नै हुन्छ) र password राखी लगइन गर्ने।

२) Verification मा गई Module मा TDS छान्ने (W-PANका हकमा TDS Verificationमा जाने)

३) Submission No. राख्ने र Preview गरी विवरण सही भएको सुनिश्चत गर्ने।

४) Verify मा क्लिक गर्ने।

कल्पना सेवा कार्यालय, श्रीनगर, सल्यान

# बजेट-२०७९/०८० रआर्थिकविधेयक, २०७९ माभएकाकरछुट, सहुलियत तथा सुविधासम्बन्धी व्यवस्था

## कोरोना छुट सहुलियत (पूर्वानुमानित कर बुझाउने करदाताका लागि, भ्याटमा दर्ता नभएका)

- डे-१ आय विवरण पेस गर्ने करदाताका लागि आ. व. २०७८।७९ को आयमा ७५% छुट हुने।
- आय विवरण र सोबमोजिमको कर दाखिला गर्ने अवधि :- श्रावण १ देखि असोज मसान्तसम्म (३ महिना)
- असोज मसान्त सकिएसँगै ढिला शुल्क, जरिवाना र ब्याजसमेत लाग्ने।
- **आ.व. २०७८/०७९ मा डे१ आय विवरण भर्ने करदाताले तिर्नुपर्ने कर:**
  - महानगर/उपमहानगरपालिका क्षेत्रमा :- रु. ७,५००/- मा ७५% छुट दिइएकाले रु. १,८७५/- मात्र तिरे पुग्ने
  - नगरपालिका क्षेत्रमा : रु. ४,०००/- मा ७५%छुट दिइएकाले रु. १,०००/- मात्र तिरे पुग्ने
  - गाउँपालिका क्षेत्रमा : रु. २,५००/- मा ७५% छुट दिइएकाले रु. ६२५/- मा तिरे पुग्ने।

## करको दायरामा आउनेलाई कर, शुल्क तथा ब्याज मिनाहा हुने

- कुनै व्यक्तिले विगतमा कर लाग्ने आयार्जन गरेको तर आर्जित आयमा कर नबुझाएको भए त्यस्ता व्यक्तिले स्थायी लेखा नम्बर लिई आ. व. २०७५/७६, २०७६/७७ र २०७७/७८ (३ आर्थिक वर्षको मात्र) को आय विवरण र सोबापत लाग्ने न्यूनतम कर बुझाएमा बाँकी शुल्क र जरिवाना मिनाहा हुने।
- यसरी आय विवरण र कर दाखिला गरेमा सोभन्दा अघिको सम्पूर्ण कर दायित्व मिनाहा हुने।
- **द्रष्टव्य : यो सुविधा २०७९ पौष मसान्तसम्म मात्र पाइने।**

## मिसम्याच स्किम सुविधासम्बन्धी व्यवस्था

- आ. व. २०७७/२०७८ सम्मको कारोबार घोषणा गर्दा वास्तविक कारोबार अङ्क फरक परेको भएमा वास्तविक कारोबार अङ्क घोषणा गरी फरक परेको बिक्री रकमको १.५% कर दाखिला गरेमा करदाताले घोषणा गरेको हदसम्म कर अन्तिम हुने।
- कारोबार अङ्कको घोषणामा फरक परी २०७९ जेठ १४ सम्म आयकरतर्फ संशोधितकर निर्धारण र मू.अ.क. तर्फ कर निर्धारण भई बक्यौता बाँकी रहेका करदाताका हकमा कर निर्धारण गर्दा कायम भएको थप बिक्री रकमको १.५% दाखिला गरेमा सोही कर अन्तिम हुने।
- मिसम्याचका कारण कर कार्यालयबाट संशोधित कर निर्धारण भई मुद्दा मामिलामा रहेका करदाताले मुद्दा फिर्ता लिई कर निर्धारण गर्दा कायम भएको थप बिक्री रकमको १.५% कर दाखिला गरेमा थप दस्तुर, जरिवाना र शुल्क मिनाहा हुने।
- **द्रष्टव्य : यो सुविधा २०७९ चैत्र मसान्तसम्म कायम रहने।**

## संयुक्त उपक्रम (ज्वाइन्ट भेन्चर) करदातालाई बक्यौता मू.अ.क. छुटसम्बन्धी विशेष व्यवस्था

- मू.अ.क. मा दर्ता रहेको संयुक्त उपक्रमले २०७८ चैत्र मसान्तसम्म बुझाउनुपर्ने मू.अ.क. विवरण र मू.अ.क. रकम नबुझाएको भए बुझाउन बाँकी मू.अ.क. विवरण, मू.अ.क. रकम र ५०% ब्याज बुझाएमा बाँकी जरिवाना, थप दस्तुर र बाँकी ब्याज मिनाहा हुने।
- मू.अ.क. विवरण बुझाइसकेको तर कर दाखिला गर्न मात्र बाँकी रहेको करदाताले बक्यौता कर र ब्याज ५०% बुझाएमा थप दस्तुर र बाँकी ब्याज मिनाहा हुने।

कल्पना सेवा कार्यालय, श्रीनगर, सल्यान

- **द्रष्टव्य : यो सुविधा २०७९ पौष मसान्तसम्म कायम रहने।**

**अन्तःशुल्क इजाजतपत्रवालाई बक्यौता अन्तःशुल्क छुटसम्बन्धी विशेष व्यवस्था**

- स्वयम् निष्कासन प्रणालीमा आधारित इजाजतपत्रवाला करदाताले २०७८ चैत्र मसान्तको अन्तःशुल्क विवरण र अन्तःशुल्क दाखिला नगरेको भएमा सो विवरणबमोजिमको अन्तःशुल्क रकम र विलम्ब शुल्कबापतको ५०% रकम दाखिला गरेमा जरिवाना र बाँकी विलम्ब शुल्क मिनाहा हुने।
- विवरण बुझाइसकेका तर अन्तःशुल्क रकम दाखिला गर्न मात्र बाँकी रहेका करदातालाई समेत यो सुविधा प्राप्त हुने।
- **द्रष्टव्य : यो सुविधा २०७९ पौष मसान्तसम्म कायम रहने।**

**ढुवानी साधानको भाडाबापतको खर्च कट्टीसम्बन्धी विशेष व्यवस्था**

- ढुवानी सेवा प्रदायक व्यवसायीले आफ्नो व्यवसाय सञ्चालनका लागि आ.व. २०७७।७८ मा स्था.ले.नं. नभएका प्राकृतिक व्यक्तिबाट ढुवानीका साधन भाडामा लिई उक्त भाडाबापत भुक्तानी गर्दा बीजक (बिल) नभए तापनि भुक्तानी गरिएको भाडाबापतको रकम सो आय वर्षको करयोग्य आय गणना गर्दा खर्च कट्टी गर्न पाउने।
- ढुवानी साधनको भाडाबापतको भुक्तानीमा अग्रिम कर कट्टी गरेको हुनुपर्ने।
- यो सुविधा आ.व. २०७७/७८ मा मात्र लागु हुने।

**अनिवार्य रूपमा विद्युतीय बीजक जारी गर्ने गरी तोकिएका थप करदाताहरू**

- आ. व. २०७७/७८ वा २०७८/७९ मा मूल्य अभिवृद्धि कर तथा आय विवरणमध्ये कुनै एक आ.व. को कारोबार रकम रु. १० करोडभन्दा बढीको जुनसुकै वस्तु तथा सेवाको कारोबार गरेका करदाताहरू (तर कारोबारको प्रकृतिअनुसार उपभोक्ता/ग्राहकलाई प्रत्यक्ष रूपमा बीजक जारी नगर्ने बैङ्क/वित्तीय संस्थाजस्ता निकायको कारोबारका हकमा यो व्यवस्था लागु नहुने)
- बक्स अफिस प्रणालीमा आबद्ध भएका सम्पूर्ण सिनेमा हलहरू (काठमाडौं उपत्यकाबाहिरका समेत)
- *२०७९ श्रावण १ देखि अनिवार्य रूपमा कार्यान्वयन गर्नुपर्ने।*

**आन्तरिक राजस्व विभागको मिति २०७५/११/२९ को सूचनामा तोकिएका देहायका करदाताहरूलाई विद्युतीय बीजक जारी गर्ने कार्यमा निरन्तरता**

- वार्षिक रु. ५ करोडभन्दा बढीको होटल, रेस्टुरेन्ट तथा चमेना गृहका साथै इन्टरनेट सेवा प्रदायक (ISP)को कारोबार गरेका करदाता।
- वार्षिक रु. १० करोडभन्दा बढीको कारोबार गरेका डिपार्टमेन्टल स्टोर, मार्ट र फ्लोरिङ तथा फर्निसिङको कारोबार गरेका करदाता।
- बक्स अफिस प्रणालीमा आबद्ध काठमाडौं उपत्यकाभित्रका सिनेमा हलहरू।

**विद्युतीय बीजकसम्बन्धी अन्य व्यवस्था**

- जुनसुकै करदाताले अनुमति लिई स्वेच्छाले विद्युतीय बीजक जारी गर्न सक्ने।
- विद्युतीय माध्यमबाट बीजक जारी गर्ने करदाताले विभागमा सूचीकरण गरिएका विद्युतीय उपकरण तथा सफ्ट्वेयरहरू मात्र प्रयोग गर्नुपर्ने।
- विभागमा सूचीकरण गरिएका विद्युतीय बीजक सफ्ट्वेयरहरूको सूची विभागको वेबसाइटमा हेर्न सकिने।

करदाता सेवा कार्यालय, श्रीनगर, सल्यान

- विद्युतीय बीजकसम्बन्धी कार्यविधि, २०७४ कार्यान्वयनमा रहेको।

## अन्य संशोधित व्यवस्थाहरू

- आयमा कट्टी गर्न पाइने जीवन बिमाको सीमा **रु. ४० हजारसम्म** बढाइएको। (यसअगाडि रु. २५ हजार रहेको)
- सरकारी कार्यालयले अनिवार्य W-PAN लिई अनिवार्य E-TDS गर्नुपर्ने।
- चार पाङ्ग्रे सवारी साधन खरिद गर्न प्यान अनिवार्य गराइएको।
- गैरबासिन्दा व्यक्तिले नेपालमा विगत १२ महिनामा रु. २० लाखभन्दा बढीको करयोग्य विद्युतीय कारोबार गरेमा मू.अ.क. मा अनिवार्य दर्ता हुनुपर्ने।

## प्राकृतिक व्यक्ति (रोजगारी) को आयका लागि करको नयाँ स्ल्याब (आ.व. २०७९/८० देखि लागु हुने)

| एकल व्यक्तिका लागि | दम्पतिका लागि |
|---|---|
| सुरुको ५ लाखसम्म — १% | सुरुको ६ लाखसम्म — १% |
| ५ लाखदेखि ७ लाखसम्म — १०% | ६ लाखदेखि ८ लाखसम्म — १०% |
| ७ लाखदेखि १० लाखसम्म — २०% | ८ लाखदेखि ११ लाखसम्म — २०% |
| १० लाखदेखि २० लाखसम्म — ३०% | ११ लाखदेखि २० लाखसम्म — ३०% |
| २० लाखभन्दा माथि — ३६% | २० लाखभन्दा माथि — ३६% |
| द्रष्टव्य : एकलौटी (व्यक्तिगत) फर्मको आय, पेन्सन आय, निवृत्तभरणकोष र योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा योगदान गर्ने प्राकृतिक व्यक्तिको आयमा सुरुको १% कर लाग्दैन। | |

## सूचना प्रविधिमा आधारित कारोबारलाई प्रोत्साहनसम्बन्धी विशेष व्यवस्था

कुनै बासिन्दा व्यक्तिले आर्थिक वर्ष २०७९।०८० मा Business Programming Outsourcing, Software Programming, Cloud Computing जस्ता सूचना प्रविधिमा आधारित सेवासम्बन्धी कारोबार गरी सोबापत विदेशी मुद्रा आर्जन गरेमा त्यस्ता व्यक्तिलाई आ. व. २०७९।८० मा विदेशी मुद्रामा प्राप्त गरेको आयमा करयोग्य आयको १% मात्र कर लाग्ने।

## सहकारी लाग्ने करको दरमा बढोत्तरी

करछुटबाहेकको कारोबार गर्ने सहकारीलाई आ. व. २०७९।८० को आय/कर विवरणको करयोग्य आयमा देहायबमोजिम कर लाग्ने:-

- गाउँपालिका क्षेत्रमा :- कर छुट
- नगरपालिका क्षेत्रमा :- ७.५ प्रतिशत
- उपमहानगरपालिका क्षेत्रमा :- १० प्रतिशत
- महानगरपालिका क्षेत्रमा :- १५ प्रतिशत
- **यसअघि उक्त दर क्रमशः ५%, ७% र १०% थियो।**

## मिसम्याचसम्बन्धी आधारभूत जानकारी (सङ्कलन : कर अधिकृत तिलकराज बोगटी)

### मिसम्याच के हो?

कुनै करदाताले आय विवरणको अनुसूची-१३ मा भरेको रआफूले कारोबार गर्ने (विक्रेता, क्रेता, साहु, आसामी) ले बुझाएको विवरण फरक परेमा त्यसलाई मिसम्याच भनिन्छ। अनुसूची-१३ मा वार्षिक एक लाखभन्दा (एकै वा पटक/पटक गरी) रुपियाँभन्दा बढी कारोबार (खरिद वा बिक्री) गरेका पार्टी र वर्षान्तमा कसैसँग एक लाख रुपियाँभन्दा बढी लिएको वा दिएको भएमा सो विवरण भर्नुपर्दछ। कारोबार गरेकादुवै पक्षले पेस गरेको विवरण एउटै नभएमा त्यसलाई मिसम्याचमा परेको भनिन्छ।

## मिसम्याचले कर दायित्व सिर्जना गर्छ?

मिसम्याचले कर दायित्व सिर्जना गर्छ नै भन्ने हुँदैन तर करदाताले पेस गरेको विवरण सही छ कि छैन भनेर छुट्याउन मिस्म्याचले धेरै हदसम्म सहयोग गर्दछ। जस्तो कुनै करदाताले कुनै पार्टीबाट वर्षभरिमा दश लाख रुपियाँ बराबरको खरिद गरेको विवरण अनुसूची-१३ भर्नुभयो तर उक्त पार्टीले त्यस अनुरूप बिक्री भएको विवरण नदेखाएमा मिसम्याच हुन जान्छ।
यहाँ दुई किसिमको जोखिम हुन्छ। एक विक्रेताले बिक्री लुकाएको हुन सक्छ या क्रेताले नै नभएको खरिद देखाएर नाफा घटायो। यसमा थप अनुसन्धान गरी गल्ती गर्नेलाई कानुनअनुसार कारबाही गर्ने प्रावधान छ। त्यसैले करदाताले भरेको विवरण सही छ भने मिसम्याचले अतिरिक्त कर दायित्व सिर्जना गर्छ नै भन्ने हुँदैन तर अनुसन्धान गर्दा फेला पर्‍यो भने जरिवानासहित कर तिर्नुपर्ने अवस्था आउँछ।

## मिसम्याचले कति कर दायित्व सिर्जना हुन्छ?

फरक परेको (नदेखाइएको) रकममा व्यवसायलाई लाग्ने दरले आयकर निर्धारण गरिन्छ भने आम्दानी लुकाएबापत पनि ५० देखि शतप्रतिशतसम्म जरिवाना र ब्याज तिर्नुपर्ने हुन्छ। यदि कुनै व्यवसाय मूल्य अभिवृद्धि कर (भ्याट) मा समेत दर्ता छ भने बिक्री मूल्यमा भ्याटसमेत छलिएको मानिनेछ र उक्त बिक्री मूल्यको १३ प्रतिशत भ्याट, शतप्रतिशत जरिवाना एवम् वार्षिक १५ प्रतिशतका दरले ब्याज जोडेर कर कार्यालयले असुल गर्नेछ। यद्यपि  मिसम्याच देखिनेबित्तिकै कर दायित्व सिर्जना हुने होइन। त्यसका लागि करदाताले तथ्यपरक रूपमा आफू सही छु भनेर प्रमाणित गर्नुपर्ने हुन्छ।

## मिसम्याचबाट कसरी बच्ने?

मिस म्याचबाट बच्न आर्थिक वर्ष सकिएपछि सबै पार्टीबाट कारोबारको समर्थन पत्र (कन्फरमेसन लेटर) लिन सकिन्छ। त्यसबाट बितेको वर्ष हरेक पार्टीसँग कतिको कारोबार भयो र वर्षान्तमा लिनु/दिनु कति छ भन्ने विवरण अद्यावधिक गर्न सकिन्छ। त्यसको आधारमा आफ्नो कारोबारमा कुनै हिसाब राख्न गल्ती भए सच्याउन समेत सकिन्छ। त्यसपछि अनुसूची-१३ भर्दा सोही सच्याएको विवरण हालेमा मिसम्याच पर्ने सम्भावना न्यूनहुन्छ।

## मिसम्याच परेमा के गर्ने?

आफ्ना प्रमाणहरू सुरक्षित राखुपर्छ। यदि पार्टीबाट समर्थन पत्र लिइएको छ भने त्यो बलियो प्रमाण बन्न सक्छ। सम्बन्धित कारोबारको प्रमाणको खोजीभएमा त्यही समर्थन पत्र पेस गर्न सकिन्छ। समर्थन पत्र नलिएका खण्डमा उपलब्ध अन्य प्रमाणको साथ बीजकको प्रति पेस गर्न सकिन्छ।

## अनुसूची-१३ भर्दा गल्ती भए के गर्ने?

यदि आफैंले अनुसूची भर्दा गल्ती भयो वा कसैको कारोबार हाल्न छुट भएमा कर कार्यालयबाट सोधनी हुनेबित्तिकै आफूसँग भएको प्रमाण, सही सूचना र तथ्य उपलब्ध गराउनुपर्छ। आफूले उपलब्ध गराएको सूचना पुष्टि गर्ने प्रमाण (पार्टी समर्थन पत्र, बीजक, भुक्तानी गरेको नगदी रसिद आदि) जुटाउन सकेमा विवरण प्रविष्टि गर्दा भएको गल्तीको जिकिरलाई पुष्टि गर्न सघाउँछ।

## पेस गरिसकेको अनुसूची-१३ सच्याउन मिल्छ?

नेपालको प्रचलित कर कानुनले एक पटक विवरण पेस गरिसकेपछि सच्याउने अधिकार दिएको छैन। यदि त्रुटिवश गलत विवरण पेस भएमा सही विवरणको प्रमाणसहित कार्यालयमा उपस्थित भई पेस गर्नुपर्छ।

## मिसम्याच देखिएपछि प्रमाण पेस गर्न नसके के हुन्छ?

व्यवसायको मिसम्याच देखिएपछि आफूले पेस गरेको विवरण साँचो र अर्को पार्टीको विवरण झुठो हो भनेर प्रमाणित गर्न नसके कार्यालयले सबै रकमलाई आम्दानी मानेर त्यसमा लाग्ने कर, जरिवाना र ब्याजसमेत असुल गर्न सक्छ।

## पार्टीसँगको कारोबार रकम कसरी सजिलै पत्ता लगाउने?

यदि व्यवसाय सानो भए कुनै पार्टीसँगको कारोबार रकम पत्ता लगाउन गाह्रो पर्दैन तर कारोबार रकम ठुलो भए (एकै पटक वा पटक पटक गरेर एकलाख कटेमा) कुल रकम पत्ता लगाउन निकै गाह्रो पर्छ। कारोबार रकम निकाले पनि छुट्ने सम्भावना धेरै हुन्छ। त्यस्तो जोखिमबाट बच्न दोहोऱ्याएर खरिद गर्ने पार्टीबाट किन्दा सोझै खर्च लेखेर भुक्तानी नगरी पहिला भौचरमा खरिद देखाई सो पार्टीलाई तिर्नुपर्ने दायित्व लेखेमा मात्र उक्त पार्टीलाई भुक्तानी गर्नु उपयुक्त हुन्छ। यसो हुदाँ वर्षभरिको उक्त पार्टीसँगको कुल कारोबार रकम एकै स्थानमा सजिलै देखिन्छ, कुनै झन्झट हुँदैन।

## मिसम्याचबाट बचेर सुरक्षित कारोबार कसरी गर्ने?

सुरक्षित कारोबार गर्न र नक्कली बीजकको जोखिमबाट बच्न भने सकेसम्म एकाउन्ट पेयी चेकबाट मात्र लेनदेन गर्न सकिन्छ। आयकर ऐनमा ५० हजार रुपियाँभन्दा बढीको रकम नगदबाट भुक्तानी गर्दा उक्त खर्च करका लागि अमान्य हुने उल्लेख छ। चेकबाट भुक्तानी गर्दा पनि व्यक्तिको नाममा नकाटी सम्बन्धित पार्टी (व्यावसायिक फर्म) को नाममा मात्र चेक जारी गर्नुपर्छ । टिडिएस काटेर भुक्तानी गर्ने र इटिडिएस गर्नुपर्छ। ठुलो कारोबार भएमा करार गरेर मात्र खरिद/बिक्री गर्ने बानी बसाल्नुपर्छ। प्यान बिल र भ्याट बिलबाट मात्र कारोबार गर्नुपर्छ।

## भुक्तानीमा करकट्टी र करको दरसम्बन्धी जानकारी

| सि.नं. | भुक्तानीको विवरण | करको दर | आकर्षित हुने ऐनको दफा | अन्तिम हुने/नहुने |
|---|---|---|---|---|
| १ | रोजगारीबापतको तलब भत्ता भुक्तानी (पारिश्रमिक) | अनुसूची १ को दफा १ को उपदफा (१) वा (२) मा उल्लेख भए बमोजिम | दफा ८७(१) | सामान्यतया हुने |
| २ | सामान्य ब्याज भुक्तानी | १५ प्रतिशत | दफा ८८(१) | नहुने |
| ३ | प्राकृतिक स्रोत, भाडा, रोयल्टी, सेवा शुल्क, कमिशन, बिक्री बोनस, अवकाश भुक्तानी आदी | १५ प्रतिशत | दफा ८८(१) | नहुने |
| ४. | बैठक भत्ता, पटके रूपमा गरिएको अध्यापन गराएबापतको भुक्तानी , प्रश्नपत्र तयार गरे वा उत्तर पुस्तिका जाँच गरेबापतको भुक्तानी | १५ प्रतिशत | दफा ८८(१)<br>दफा ९२(१)(ज) | हुने (बैठक भत्ताका हकमा प्रति बैठक रु २० हजार सम्मको भुक्तानी मात्र अन्तिम हुने) |
| ५. | नेपाल सरकार वा स्वीकृत अवकाश कोषबाट | ५ प्रतिशत | दफा ८८(१) | हुने (नियमित रूपमा |

| | | | | |
|---|---|---|---|---|
| | भएको योगदानमा आधारित अवकाश भुक्तानी- रु ५ लाख वा भुक्तानी रकमको ५० प्रतिशत मध्ये जुन बढी हुन्छ सो घटाई बाँकी रहने भुक्तानीमा | | दफा ९२(१)(छ) | भुक्तानी हुने निवृत्तिभरणबाहेक) |
| ६. | बासिन्दा रोजगार कम्पनीले गैरबासिन्दा व्यक्तिलाई भुक्तानी गरेको कमिसनमा | ५ प्रतिशत | दफा ८८(१)(२)<br>दफा ९२(१)(च) | हुने |
| ७. | बायुयानको लिज (पट्टा)बापतको रकम भुक्तानी | १० प्रतिशत | दफा ८८(१)(३)<br>दफा ९२(१)(च) | हुने (गैर बासिन्दा व्यक्तिका हकमा) |
| ८. | मूल्य अभिवृद्धि करमा दर्ता भएको सेवा प्रदायक बासिन्दा व्यक्तिलाई भुक्तानी गरेको सेवा शुल्कमा वा मूल्य अभिवृद्धि कर छुटको कारोबार गर्ने बासिन्दा निकायलाई भुक्तानी गरेको सेवा शुल्कमा | १.५ प्रतिशत | दफा ८८(१)(४) | नहुने |
| ९. | बासिन्दा व्यक्तिले गरेको नेपालमा स्रोत भएको भाडा भुक्तानीमा | १० प्रतिशत | दफा ८८(१)(५) | नहुने |
| १०. | मूल्य अभिवृद्धि करमा दर्ता भई सवारी साधन भाडामा दिने व्यवसाय गर्ने व्यक्तिलाई त्यस्तो सवारी साधनको भाडाबापत भुक्तानी गर्ने रकममा | १.५ प्रतिशत | दफा ८८(१)(५)(क) | नहुने |
| ११. | प्राकृतिक व्यक्तिले घर बहालबापत प्राप्त गरेको रकम<br>पुनश्च, जग्गा बहाल वा निकायलाई भुक्तानी गरिएको घर बहालबापतको भुक्तानीमा १० प्रतिशतका दरले अग्रिम करकट्टी गर्नु पर्दछ । | करकट्टी गर्नु नपर्ने | दफा ८८(१)(५)(ख) | |
| १२. | बासिन्दा व्यक्तिले भू-उपग्रह, व्याण्डविथ, अप्टिकल फाइवर, दूरसञ्चारसम्बन्धी उपकरण वा विद्युत प्रसारण लाइन प्रयोग गरेबापत गरेको भुक्तानी | १० प्रतिशत | दफा ८८(१)(७) | नहुने |
| १३. | सामूहिक लगानी कोष (म्युचुअल फण्ड) बाट वितरण गरिने प्रतिफल - प्राकृतिक व्यक्तिलाई | ५ प्रतिशत | दफा ८८(१)(६)<br>दफा ९२(१)(ज) | हुने |
| | अन्य व्यक्तिलाई | १५ प्रतिशत | | नहुने |
| १४. | ढुवानी सेवाबापतको तथा ढुवानी साधन भाडामा | २.५ प्रतिशत | दफा ८८(१)(८) | हुने (एकलौटी फर्म |

| | | | | |
|---|---|---|---|---|
| | दिएबापतको भुक्तानी रकम | | दफा ९२(१)(ट) | बाहेकको प्राकृतिक व्यक्तिका हकमा) |
| १५. | मूल्य अभिवृद्धि करमा दर्ता भई ढुवानी सेवा प्रदान गर्ने वा ढुवानी साधन भाडामा दिने व्यवसाय गर्ने व्यक्तिलाई भुक्तानी गर्ने रकममा | १.५ प्रतिशत | दफा ८८(१)(८) | नहुने |
| १६. | बासिन्दा बैङ्क तथा वित्तीय संस्थाले नेपाल राष्ट्र बैङ्कले तोकेको क्षेत्रमा लगानी गर्न विदेशी बैङ्कबाट विदेशी मुद्रामा लिएको ऋणबापतको ब्याज भुक्तानी | १० प्रतिशत | दफा ८८(१)(९) | हुने |
| १७. | उपभोक्ताले वस्तु तथा सेवा खरिद गर्दा प्रचलित कानुन बमोजिम भुक्तानी कार्ड, इ-मनी (वालेट), मोवाइल बैङ्किङजस्ता विद्युतीय भुक्तानीका उपकरणबाट भुक्तानी गरेबापत प्रदान गरिने प्रोत्साहन रकममा | करकट्टी गर्नु नपर्ने | दफा ८८(१)(१०) | |
| १८. | कम्पनी वा साझेदारी फर्मले भुक्तानी गरेको लाभांश | ५ प्रतिशत | दफा ८८(२)(क)<br>दफा ९२(१)(क) | हुने |
| १९. | लगानी बीमाको लाभ भुक्तानी | ५ प्रतिशत | दफा ८८(२)(ख)<br>दफा ९२(१)(ग) | हुने |
| २० | स्वीकृति नलिएको अवकाश कोषबाट लाभको भुक्तानी | ५ प्रतिशत | दफा ८८(२)(ग)<br>दफा ९२(१)(घ) | हुने |
| २१ | नेपालमा स्रोत भएको र व्यवसाय सञ्चालनसँग सम्बन्धित नभएको खण्डमा बासिन्दाबैङ्क, वित्तीय संस्था, सहकारी वा ऋणपत्र जारी गर्ने अन्य कुनै निकाय वा प्रचलित कानुन बमोजिम सूचीकृत भएका कम्पनीले कुनै प्राकृतिक व्यक्तिलाई निक्षेप, ऋणपत्र, डिबेन्चर तथा सरकारी बण्डबापत भुक्तानी गर्ने ब्याज | ५ प्रतिशत | दफा ८८(३)<br>दफा ९२(१)(ङ) | हुने |
| २२ | बासिन्दाबैङ्क, वित्तीय संस्था, सहकारी वा ऋणपत्र जारी गर्ने अन्य कुनै निकाय वा प्रचलित कानुन बमोजिम सूचीकृत भएका कम्पनीले | १५ प्रतिशत | दफा ८८(१)<br>दफा ९२(१)(ङ) | हुने |

श्रीनगर, काठमाडौं

| | | | | |
|---|---|---|---|---|
| | करछुट पाउने संस्थालाई भुक्तानी गरेको ब्याज | | | |
| २३ | प्राकृतिक व्यक्तिले गरेको व्यवसाय सञ्चालनसँग सम्बन्धित बाहेकका अन्य कुनै भुक्तानी | कर कट्टी गर्नु नपर्ने | दफा ८८(४)(क) | |
| २४ | पत्रपत्रिकामा प्रकाशित लेख रचनाबापतको भुक्तानी | कर कट्टी गर्नु नपर्ने | दफा ८८(४)(क१) | |
| २५ | बासिन्दा बैङ्क वा अरु बासिन्दा वित्तीय संस्थालाई तिरेको ब्याज | कर कट्टी गर्नु नपर्ने | दफा ८८(४)(ख) | |
| २६ | कर छुट पाएको भुक्तानी | कर कट्टी गर्नु नपर्ने | दफा ८८(४)(ग) | |
| २७ | क्रेडिट कार्ड जारी गर्ने बैङ्कलाई तिरेको इन्टररिजिनल इण्टरचेन्ज शुल्क | कर कट्टी गर्नु नपर्ने | दफा ८८(४)(घ) | |
| २८ | सामूहिक लगानी कोष (म्युचुअल फन्ड) लाई भुक्तानी गरेको लाभाशं र ब्याज | कर कट्टी गर्नु नपर्ने | दफा ८८(४)(ङ) | |
| २९ | आकस्मिक लाभ | २५ प्रतिशत | दफा ८८क(१)<br>दफा ९२(१)(झ) | हुने |
| ३० | साहित्य, कला, संस्कृति, खेलकुद, पत्रकारिता, विज्ञान, प्रविधि तथा सार्वजनिक प्रशासनको क्षेत्रमा योगदान पुर्याएबापत प्राप्त हुने राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका पाँच लाख रुपियाँसम्मका पुरस्कार | कर कट्टी गर्नु नपर्ने | दफा ८८क(२) | |
| ३१ | ठेक्का वा करारबापत रु. ५० हजार भन्दा बढी रकमको भुक्तानी | १.५ प्रतिशत | दफा ८९(१) | नहुने |
| ३२ | गैर बासिन्दा व्यक्तिलाई भुक्तानी हुने वायुयान मर्मत तथा अन्य ठेक्का वा करार | ५ प्रतिशत | दफा ८९(३)(क) | हुने |
| ३३ | गैर बासिन्दा व्यक्तिलाई भुक्तानी हुने पुनर्बीमा प्रिमियम र गैर बासिन्दा बीमा कम्पनीबाट पुनर्बीमाबापत प्राप्त हुने प्रिमियम रकमबाट दिईने कमिसन | १.५ प्रतिशत | दफा ८९(३)(ख) | हुने |

| | | | | |
|---|---|---|---|---|
| ३४ | गैर बासिन्दा व्यक्तिलाई हुने अन्य भुक्तानी | विभागले तोके बमोजिम/लिखित सूचना दिए बमोजिम | दफा ८९(३)(ग) | हुने |
| ३५ | उपभोक्ता समिति मार्फत काम गराउने गरी गरिएको पचास लाखरुपियाँभन्दा बढीको भुक्तानी रकममा | १.५ प्रतिशत | दफा ८९(३क) | नहुने |

## निकायका लागि लागु हुने करको दर (आय वर्ष २०७९/८० का लागि)

| क्र.स. | अनुसूची/ दफा | व्यवसाय/निकायको विवरण/ आयको अवस्था | करको दर |
|---|---|---|---|
| १ | अनुसूची-१ दफा २ को उपदफा (१) | सामान्य व्यवसाय गर्ने निकाय | २५ प्रतिशत |
| २ | अनुसूची-१ दफा २ को उपदफा (२) | बैङ्क, वित्तीय संस्था, सामान्य बीमा व्यवसाय वा दूर सञ्चार र इन्टरनेट सेवा, मुद्रा हस्तान्तरण, पुँजी बजार व्यवसाय, धितोपत्र व्यवसाय, मर्चेन्ट बैंकिङ व्यवसाय, कमोडिटी दलाल व्यवसाय, चुरोट, विंडी, सिगार, खानेसुर्ति, खैनी, गुट्खा, पान मसला, मदिरा र बियरको कारोबार गर्ने वा नेपाल पेट्रोलियम ऐन, २०४० बमोजिम पेट्रोलियम कार्य गर्ने निकाय | ३० प्रतिशत |
| ३ | अनुसूची-१ दफा २ को उपदफा (३) | सहकारी ऐन, २०७४ बमोजिम दर्ता भएको सहकारी संस्थाले कर छुट हुने कारोबारबाहेकको कारोबार गरेमा देहाय बमोजिमका दरले कर लाग्ने:<br>-नगरपालिका क्षेत्रभित्र सञ्चालित<br>-उपमहानगरपालिका क्षेत्रभित्र सञ्चालित<br>-महानगरपालिका क्षेत्रभित्र सञ्चालित | <br><br><br>७.५ प्रतिशत<br>१० प्रतिशत<br>१५ प्रतिशत |
| ४ | अनुसूची-१ दफा २ को उपदफा (३ ख) | सार्वजनिक गुठीअन्तर्गत दर्ता भई सञ्चालित विद्यालय, महाविद्यालयको करयोग्य आयमा | २० प्रतिशत |
| ५ | अनुसूची-१ दफा २ को उपदफा (६) | कुनै आय वर्षमा कुनै गैर बासिन्दा व्याक्तिको नेपालस्थित विदेशी संस्थापनले विदेश पठाएको आयमा | ५ प्रतिशत |
| ६ | अनुसूची-१ दफा २ को उपदफा (७) | कुनै आय वर्षमा ऐनको दफा ७० मा उल्लिखित आयको सम्बन्धमा कुनै गैर बासिन्दा व्याक्तिको करयोग्य आयमा,<br>तर नेपालबाट अर्को विदेशी मुलुकमा पुग्ने गरी प्रस्थान नहुने जल यातायात, हवाई यातायात वा दूरसञ्चार सेवा उपलब्ध गराउने गैर बासिन्दा व्याक्तिका हकमा | ५ प्रतिशत<br><br>२ प्रतिशत |

कर शिक्षा ज्ञान

**ख्याल गर्नुपर्ने कुराहरूः**

- करपाटी अनिवार्य राख्ने गरौं।
- दर्ता प्रमाण पत्र, इजाजत पत्र देखिने गरी राखौं।
- बीजक (बिल) लिने/दिने गरौं।
- नक्कली बीजक जारी नगरौं।
- खाता सही तरिकाले राख्ने, अद्यावधिक गर्ने गरौं।
- समयमै आय विवरण पेस गर्ने, कर दाखिला गर्ने गरौं।
- आय विवरणमा वास्तविक कारोबार जनाई मिसम्याचजस्ता समस्याबाट बचौं।
- करसम्बन्धी नयाँ वा थप गरिएका विषयबारे बुझ्न करदाता सेवा कार्यालयमा सम्पर्क गरौं।

**विस्तृत जानकारीका लागि**


**करदाता सेवा कार्यालय**

**श्रीनगर, सल्यान**

{कार्यक्षेत्रः सल्यान, रुकुम (पश्चिम भाग) र रुकुम (पूर्वी भाग)}

कार्यालयः ०८८-४००१६४

कर अधिकृतः ९८५७८२७९८६

सूचना अधिकारीः ९८५७८२७८८६

इमेलः tso-srinagar@ird.gov.np

वेबसाइटः www.ird.gov.np/branch/taxpayerserviceofficesrinagar


करदाता सेवा कार्यालय, श्रीनगर, सल्यान